नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना (निजामती)

हरिहरभवन, ललितपुर।

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८२।१०।२० गते

यस राष्ट्रिय किताबखाना (निजामती) का लागि आवश्यक पर्ने मेशिनरी औजार (कम्प्युटर,ल्याप्टप,प्रिन्टर) खरिद कार्य योग्य दरभाउपत्रदाताहरुबाट राष्ट्रिय स्तरको शिलवन्दी दरभाउपत्र द्वारा गर्न निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| शिलवन्दी दरभाउपत्र.न. | विवरण | परिमाण | शिलबन्दी दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र फाराम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|
| ३/०८२/८३ | डेस्कटप कम्प्युटर | थान ३ | ४५ दिन | रु १००० | रु २०,९७५ |
| | Color Laser Printer | थान २ | | | |
| | ल्याप्टप कम्प्युटर | थान २ | | | |

१. लिखित निवेदनका साथ मु.अ.क दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व. २०८२/८३ को करचुक्ता प्रभाणपत्रको प्रतिलिपी सहित तोकिएको दस्तुर (रु एक हजार मात्र) बुझाई मिति २०८२/११/०५ गते कार्यालय समय भित्र यस विभागबाट दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ। दरभाउपत्र सम्बन्धी कागजको दस्तुर माथि उल्लेख भए बमोजिम (फिर्ता नहुने गरी) नेपाल बैंक लि. गाबहाल शाखामा रहेको राष्ट्रिय किताबखाना (निजामती)को राजश्व शिर्षक नम्बर १४२२९ खाता न.००१०१००००००००१००१००१ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।

२. दरभाउपत्र जमानत वापतको रकम नेपाल बैंक लिमिटेड धरौटी खाता न. ०१८०१०००००२००३००००००१ कार्यालयको कोड ३६५०२३४०१ मा माथि उल्लेखित दरभाउपत्र जमानत रकम नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक वा वित्तिय संस्थाले यस विभागको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कल

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर।

विड वण्ड जमानत पेश गर्नुपर्नेछ। उक्त विड वण्डको समयावधी दरभाउपत्रको मान्य अवधि भन्दा ३० दिन बढीको हुनुपर्नेछ।

३. दरभाउपत्र सम्बन्धी कागजात मिति २०८२/११/०६ गते १२;०० बजे भित्र यस विभागको प्रशासन तथा योजना शाखामा दर्ता गरिसक्नु पर्नेछ। शिलबन्दी दर्ता भएको दरभाउपत्र फारामहरु मिति २०८२/११/०६ गते २;०० बजे सम्बन्धित निकायका प्रतिनिधि, दरभाउपत्रदाता वा प्रतिनिधि एवम् यस विभागका पदाधिकारीको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन।

४. माथि उल्लेखित सेवा उपलब्ध गराउन इच्छुक व्यवसायी, सप्लायर्स, कम्पनी तथा फर्महरुबाट दरभाउपत्र खरिद गरी रितपुर्वक सहिछाप गरी गोप्य शिलबन्दी पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र सम्बन्धी कागजात किन्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट सोही समयमा गरिने छ।

६. शिलवन्दी दरभाउपत्र भर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ साथै केरमेट भएको ठाँउमा सहि छाप हुनुपर्नेछ ।

७. यस विभागमा रित नपुगी र म्याद नाघी प्राप्त भएका र सशर्त पेश भएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नः 015010138 मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ।शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य सम्पुर्ण कामकारवाही सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछन् ।